**नेपाली (Nepali)**

Electoral Commission SOUTH AUSTRALIA

# मतदाता नामाङ्कन गर्नुहोस् र मतदान गर्नुहोस् 2026 राज्य निर्वाचन

## राज्य निर्वाचनको बारेमा

राज्यको चुनाव भनेको दक्षिण अष्ट्रेलियाका मानिसहरूले दक्षिण अष्ट्रेलियाको संसदमा कस्ले प्रतिनिधित्व गर्ने भन्ने छनौट गर्ने प्रक्रिया हो। यो प्रत्येक 4 वर्षमा मार्चको तेस्रो शनिवार गरिन्छ।

## मतदानका लागि म कसरी नाम दर्ता गर्नसक्छु?

जब तपाईं नामाङ्कन गर्नुहुन्छ, हामी तपाईंको नाम मतदान गर्नसक्ने व्यक्तिहरूका सूचीमा दर्ता गर्छौं। जब तपाईं मतदान गर्नुहुन्छ, तपाईं संसदको अङ्गका रूपमा को जान्छ भनेर छनौट गर्नुहुन्छ।

आफ्नो विवरण दर्ता वा अद्यावधिक गर्न सजिलो छ। हाम्रो वेबसाइट ecsa.sa.gov.au मा जानुहोस् वा 1300 655 232 मा नि:शुल्क फोन गर्नुहोस्।

**तपाईंले मतदान गर्न मतदाता सूचीमा नामाङ्कन गर्नुपर्छ यदि तपाईं:**

- **कम्तिमा एक महिना दक्षिण अष्ट्रेलियामा बस्नुभएको छ।**
- **18 वर्षभन्दा माथिको हुनुहुन्छ**
- **अष्ट्रेलियन नागरिक हुनुहुन्छ**

नामाङ्कन सबै राज्य, संघीय र स्थानीय निर्वाचनहरूको लागि मान्य छ।
यदि घर सर्नु भएको वा आफ्नो नाम परिवर्तन गर्नु भएको भए आफ्नो विवरण अद्यावधिक गर्न नबिर्सनुहोस्।

## म कसरी मतदान केन्द्रमा मतदान गर्नसक्छु?

तपाईँले चाहे तपाईँसँग मतदान गर्न अनेक सरल विकल्पहरू छन्। यसमा मतदानको दिन मतदान गर्ने वा प्रारम्भिक मतदान केन्द्रमा प्रारम्भिक मतदान गर्ने वा हुलाकबाट मतदान गर्न आवेदन दिने पर्दछन्। चुनावको दिन मतदान गर्ने सबैभन्दा सजिलो तरिका भनेको तपाईं बस्ने ठाउँ नजिकैको मतदान केन्द्रमा हो।

यदि तपाईंमा हिँड्डुल गर्न कठिनाइ छ वा अशक्तता छ वा त्यस्तो समस्या भएको कसैलाई हेरचाह गर्नुहुन्छ भने, तपाईंले ecsa.sa.gov.au मा मतदान केन्द्रहरूका पहुँच विवरणहरू जाँच गर्नसक्नुहुन्छ।

मतदानको अघिल्लो दिन दक्षिण अष्ट्रेलियाको निर्वाचन आयोगले तपाईंलाई निकटतम मतदान केन्द्रहरूका बारेमा जानकारीसहितको पत्र लेख्नेछ।

तपाईंले मतदान गर्दा तपाईंसँग ल्याउनको लागि एक EasyVote कार्ड प्राप्त गर्नुहुने छ। तपाईं मतदान केन्द्रहरूका बारेमा जानकारी ecsa.sa.gov.au मा पनि पाउन सक्नुहुन्छ।

**मतदान केन्द्र खुल्ने समय: मतदानका दिन बिहान 8:00 बजे - साँझ 6:00 बजे।**

**1. जब तपाईं मतदान केन्द्रमा जानुहुन्छ, तपाईंलाई तपाईंको नाम, ठेगाना र "के तपाईंले यस चुनावमा पहिले मतदान गर्नुभएको छ ?" भनेर सोधिने छ।**


तपाईंको पहिचान सजिलो र छिटो बनाउनको लागि, तपाईं आफ्नो नाम र ठेगानाको साथ आफ्नो EasyVote कार्ड वा अन्य कागजात ल्याउन सक्नुहुन्छ।

**2. मतदाता सूचीमा तपाईंको नाम जाँच गरिने छ र तपाईंले दुईवटा मतपत्रहरू प्राप्त गर्नुहुने छ: एउटा विधानसभा (House of Assembly) (हरियो) को लागि र एउटा विधान परिषद (Legislative Council) (सेतो) को लागि।**


**3. मतपत्रहरू मतदान क्षेत्रमा लैजानुहोस् जहाँ तपाईं निजी रूपमा आफ्नो मत भर्न सक्नुहुन्छ।**

तपाईंको भोट गोप्य रहन्छ। तर यदि तपाईंलाई मद्दत चाहिन्छ भने, निर्वाचन कर्मचारीलाई सोध्नुहोस्।

**4. तपाईंले आफ्नो मतपत्रहरू भर्नुभएपछि, ती मतपेटीका हाल्नुहोस्।**



# मतपत्र कसरी भर्ने?


South Australia
Issuing Officer Initials

**Ballot Paper**

Election of one Member for the House of Assembly

**DISTRICT**

**Number the squares from 1 to 4 in the order of your choice.**

You are not legally obliged to mark the ballot paper.

| | | |
|---|---|---|
| ☐ | CANDIDATE Name | Political Party or Independent |
| ☐ | CANDIDATE Name | Political Party or Independent |
| ☐ | CANDIDATE Name | Political Party or Independent |
| ☐ | CANDIDATE Name | Political Party or Independent |

After voting, fold the ballot paper and place it in the ballot box or declaration envelope

**तपाईंले दुईवटा मतपत्रहरू प्राप्त गर्नुहुने छ:**

## 1. हाउस अफ एसेम्बली (House of Assembly) मतपत्र

हरियो हाउस अफ एसेम्बली मतपत्रमा, तपाईंले रोजेको क्रम अनुसार प्रत्येक बक्सामा अङ्कन गर्नै पर्छ।

1. **आफ्नो पहिलो छनौटको रूपमा संकेत गर्न तपाईंले चाहनुभएको उम्मेदवारको छेउमा रहेको बक्सामा '1' नम्बर लेख्नुहोस्।**
2. **तपाईंको दोस्रो छनौटको छेउमा '2' नम्बर लेख्नुहोस्।**
3. **तपाईंको तेस्रो छनौटको छेउमा '3' नम्बर लेख्नुहोस्।**

**... र यस्तै गरी प्रत्येक बक्सामा क्रमश: अङ्क लेख्नुहोस्।**

यदि तपाईंले गल्ती गर्नुभयो भने, चिन्ता नलिनुहोस्। गल्तीको भएकोबाट नम्बरमा एक धर्का कोर्नुहोस् र यसको छेउमा सही नम्बर लेख्नुहोस्, वा तपाईं निर्वाचन अधिकारीसँग प्रतिस्थापन मतपत्र माग्न सक्नुहुन्छ।

**यदि तपाईं गल्ती गर्नुभयो भने, सधैं मद्दतको लागि कर्मचारीलाई सोध्नुहोस्**

# 2. लेजिस्लेटिभ काउन्सिल (Legislative Council) मतपत्र

तपाईंले मतदान गर्नसक्ने 2 तरिकाहरू छन् - मोटो रेखाभन्दा माथि वा त्यो रेखाभन्दा तल - ***तर दुवैमा होइन।***

## मोटो रेखाभन्दा माथि मतदान गर्नुहोस्:

यदि तपाईं मोटो रेखाभन्दा माथि मतदान गर्न रोज्नुहुन्छ भने:

1. **पार्टी वा उम्मेदवारहरूको समूहको छेउमा रहेको वर्गमा '1' नम्बर लेख्नुहोस् जुन तपाईंको पहिलो छनौट हुनेछ।**
2. **तपाईंको दोस्रो छनौटको छेउमा नम्बर '2' लेख्नुहोस्,** र यसरी नै क्रमशः तपाईंलाई मनपर्ने धेरै पार्टीहरू वा उम्मेदवारहरूको समूहहरूको लागि नम्बर लेख्नुहोस्।

तपाईंले प्रत्येक वर्गलाई नम्बर दिन आवश्यक छैन। मतपत्रको बाँकी भाग खाली छोड्नुहोस्। मोटो रेखामुनि चिन्ह नलगाउनुहोस्।

मोटो रेखामाथि मतदान गर्नाले तपाईंको भोट तपाईंले रोजेको समूह (वा समूहहरू) भित्रका उम्मेदवारहरूलाई जाने छ।

South Australia, 2026 Election

**Ballot Paper for the Election of 11 Legislative Councillors**

You may vote in one of two ways. You are not legally obliged to mark the ballot paper.

**If you vote ABOVE the line**

If you vote above the line write the number 1 in the square next to the group of your choice. You can show more choices if you want to by writing numbers in other squares starting with the number 2.
Do not write any numbers below the line.

| A | B | C | D | E |
|---|---|---|---|---|
| ☐ Environment First Party | ☐ Shine Australia | ☐ The People's Party | ☐ Farmer's Alliance | ☐ Southern Cross Party |

**OR**

**If you vote BELOW the line**

If you vote below the line write the numbers 1 to 12 in the squares next to the names of the candidates in the order of your choice. You can show more choices if you want to by continuing to write numbers in more squares. You don't need to write a number in every square.
Do not write any numbers above the line.

| A | B | C | D | E |
|---|---|---|---|---|
| ☐ Lauren Hall | ☐ Finn Robinson | ☐ Anita Holland | ☐ Winston Barker | ☐ Naomi Lee |
| ☐ Tony Matic | ☐ Latika Fischer | ☐ Joshua McCall | ☐ Nina Harris | ☐ Felix Barker |
| ☐ Jane Nguyen | ☐ Andy McMahon | ☐ Imane Caskey | ☐ John Thompson | ☐ Jennie Rodriguez |
| ☐ Oliver Bloom | ☐ Helen Park | ☐ Ahren Patel | ☐ Rachel McKinnon | ☐ Rory Lane |
| ☐ Sasha Crown | ☐ James Ludwig | ☐ Vanessa Hollow | ☐ Jeremy Choi | ☐ Katrina Sebastian |
| ☐ Travis Alves | ☐ Ophelia Knight | ☐ Porter Smith | ☐ Courtney Wilson | ☐ Noah Stringer |

Issuing Officer Initials

After voting, fold the ballot paper and place it in the ballot box or in the envelope provided.

## मोटो रेखामुनि मतदान गर्नुहोस्:


यदि तपाईंले मोटो रेखाभन्दा तल मतदान गर्न रोज्नुभयो भने:

1. **तपाईंको पहिलो रोजाइको उम्मेदवारको छेउमा रहेको वर्गमा '1' नम्बर लेख्नुहोस्।**
2. **तपाईंको दोस्रो रोजाइको उम्मेदवारको छेउमा रहेको वर्गमा '2' नम्बर लेख्नुहोस्,**
3. **तपाईंले *कम्तिमा 12* उम्मेदवारहरू छनौट नगरेसम्म आफ्नो छनौटका अन्य उम्मेदवारहरूको छेउमा रहेको वर्गमा 3, 4, 5, 6 नम्बर लेख्नुहोस्।**

तपाईंले 12 भन्दा बढी उम्मेदवारहरू छनोट गर्न सक्नुहुन्छ।

# यदि म मतदान केन्द्रमा पुग्न सकिन भने के हुन्छ?

यदि तपाईं मतदान केन्द्रमा पुग्न सक्नुहुन्न, वा यदि तपाईं राज्य बाहिर हुनुहुन्छ भने मतदान गर्ने अन्य तरिकाहरू छन्।



## हुलाकबाट मतदान

तपाईंले हुलाकी मतदान आवेदन प्रपत्र (Postal Vote Application Form) भरेर तपाईंलाई मतपत्रहरू पठाउन अनुरोध गर्न सक्नुहुन्छ।
यो चुनावको **लगभग छ हप्ता** अघि उपलब्ध हुने छ।

**हाम्रो वेबसाइटमा जानुहोस्** [ecsa.sa.gov.au](ecsa.sa.gov.au)

**नि:शुल्क फोन: 1300 655 232**

दक्षिण अष्ट्रेलियाको निर्वाचन आयोगले तपाईंको आवेदन प्रक्रमण गर्ने छ र मतदानको लगभग दुई हप्ताअघि मतपत्रहरू पठाउन सुरु गर्ने छ।

**दक्षिण अष्ट्रेलिया बाहिरका मानिसहरूले:** मतदान मीतिभन्दा आठ दिन अघिसम्ममा हुलाक मत अनुरोध गरिसक्नुपर्ने छ।

**दक्षिण अष्ट्रेलिया भित्रकाहरूका लागि:** हुलाक मत अनुरोध गर्ने अन्तिम मिति मतदानको दिनभन्दा 4 दिनअघि हो।

जब तपाईं आफ्नो मतपत्रहरू प्राप्त गर्नुहुन्छ, सकेसम्म चाँडो पूरा गर्नुहोस् र त्यसलाई फिर्ता पठाउनुहोस्।

मतदानको दिनअघि र मतदानको दिन मतदान कर्मचारीहरू केही अस्पतालहरू र नर्सिङ होमहरूमा जान्छन्।

## अर्को राज्यमा हुँदा गर्ने मतदान

अष्ट्रेलियाको प्रत्येक राजधानी शहरमा अग्रिम मतदान केन्द्रहरू हुनेछन्। हामीलाई फोन गर्नुहोस् वा प्रारम्भिक मतदान केन्द्रहरूको स्थानहरू हेर्न हाम्रो वेबसाइटमा जानुहोस्।

**हाम्रो वेबसाइटमा जानुहोस्** [ecsa.sa.gov.au](ecsa.sa.gov.au)

**नि:शुल्क फोन: 1300 655 232**

## न्यून दृष्टि तथा कमजोर हातपाउ भएकाहरूका लागि फोनबाट मतदान

कमजोर हातपाउ भएका, वा दृष्टिविहीन वा दृष्टि न्यून भएका मतदाताहरूका लागि पनि टेलिफोन मतदान सहायता अब उपलब्ध छ।

**के तपाईंलाई दोभाषे चाहिन्छ?**
यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, Translation and Interpretation Service (TIS National) लाई 131 450 मा फोन गर्नुहोस् र 1300 655 232 मा दक्षिण अष्ट्रेलियाको निर्वाचन आयोगमा जोडिदिन अनुरोध गर्नुहोस्।

**खुल्ने समय: सोमवार - शुक्रवार | बिहान 9: 00 बजेदेखि साँझ 5: 00 बजेसम्म**

**महत्त्वपूर्ण – मतदान अनिवार्य छ। यदि तपाईंले मतदान गर्नुभएन भने तपाईंलाई जरिवाना हुनसक्छ।**



**यदि तपाईं मतदान गर्न असमर्थ हुनुहुन्छ भने ECSA लाई 1300 655 232 मा सम्पर्क गर्नुहोस्।**

Electoral Commission
SOUTH AUSTRALIA

ecsa.sa.gov.au
facebook.com/SAelections
1300 655 232